السنّة النبوية وعلومها
www.sunnah.global

{ثُمَّ لَتُسْأَلُنَّ يَوْمَئِذٍ عَنِ النَّعِيمِ}

जुबैर बिन अव्वाम (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, उनी भन्छन्: जब यो आयत: {ثُمَّ لَتُسْأَلُنَّ يَوْمَئِذٍ عَنِ النَّعِيمِ} (अनि त्यस दिन तिमीहरूलाई प्राप्त सुख-सामग्रीहरूको बारेमा सोधिनेछ।) [सूरह अल-तकासुर : ८] अवतरण भयो, तब जुबैर (रजियल्लाहु अन्हु) ले सोधे: हे अल्लाहको रसूल! हामीलाई कुन चीजहरूको बारेमा सोधिनेछ? वास्तवमा, हामीसँग केवल दुईवटा कालो चीजहरू मात्र छन्: खजूर र पानी। उहाँले भन्नुभयो: "यसो हो भने यिनै बारे हुनेछ।"

[हसन] [तिर्मीजी र इब्ने माजहले वर्णन गरेका छन्]

जब यो आयत अवतरित भयो: {ثُمَّ لَتُسْأَلُنَّ يَوْمَئِذٍ عَنِ النَّعِيمِ} अर्थात्, अल्लाहले दिनुभएको आशिष्हरूप्रति तिमी आभारी छौ कि छैनौ भनेर तिमीलाई सोधिनेछ, तब जुबैर बिन अव्वाम (रजियल्लाहु अन्हु) ले सोधे: हे अल्लाहका रसूल! हामीलाई कुन आशिष्को (धन–सम्पत्ति, स्वास्थ्य, आँखा, कान, मुटु, दिमाग, शान्ति तथा सन्तान) बारेमा सोधिनेछ? हामीसँग दुईवटा मात्र चीज छन्; खजूर र पानी जुन सोधिने लायक छैन! यो सुनेर रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: तिमी जुन अवस्थामा छौं, त्यो आफ्नो ठाउँमा छ, तैपनि आशिष्को बारेमा सोधिनेछ। किनकि यी दुबै पनि अल्लाहका दुई ठूला वरदान हुन्।

https://sunnah.global/hadeeth/ne/show/65075

النجاة الخيرية
ALNAJAT CHARITY

لجنة الدعوة الإلكترونية
EDC E-Da'wah Committee